# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामतडी, मुगु
## कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः२०८२/०८३
चलानी नं: २३६

मितिः २०८२/०६/०२
ने.सं.११४५ञंलागा ,द्वादशी बिहिवार

**विषयः-उपभोक्ता समिति गठन गरी सम्झौताका लागि पठाइदिने सम्बन्धमा।**

श्री वडा कार्यालयहरु सबै,
खत्याड गाउँपालिका, मुगु।

प्रस्तुत विषयमा यस खत्याड गाउँपालिका, रामतडी, मुगुबाट चालु आ.व.२०८२/०८३ मा स्वीकृत भएका वार्षिक योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि प्रत्येक बस्ति तथा वडाहरुमा लाभग्राहीहरु समावेश भएको उपभोक्ता समिति गठन गर्नुपर्ने हुदाँ तहाँ वडा भित्र संचालन हुने योजनाहरुको लागि मिति २०८२/०८/३० गते सम्म उपभोक्ता समिति गठन गरी योजना सम्झौताका लागि तपशिलको बुँदाहरु अनुसारको प्रकृया अवलम्बन गरी यथासक्य चाँडो गाउँपालिकाको कार्यालयमा उपभोक्ता समितिलाई पठाइदिन हुन जानकारी गरिन्छ।

तपशिल

१.उपभोक्ताहरुको आमभेलाबाट न्युनतम ७(सात) र अधिकतम ११(एघार) सदस्यिय उपभोक्ता समिति गठन गर्नुपर्ने।

२.उपभोक्ता समिति गठन गर्दा न्युनतम ३३ प्रतिशत महिला सहित समावेश भएको र मुख्य पदाधिकारीहरु मध्ये कम्तिमा १ जना महिला अनिवार्य समावेश भएको हुनुपर्नेछ।

३.सार्वजनिक पदमा स्थायी वा अस्थायी रुपले कार्यरत रहि नेपाल सरकारबाट तलब भत्ता तथा सेवा सुविधा पाउने कुनै पनि कर्मचारी वा जनप्रतिनिधिले यो समितिमा रहन पाउने छैन।

४.वडाको जनप्रतिनिधि र वडा सचिबको रोहवरमा मात्रै उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

५.उपभोक्ता समितिले गाउँपालिकासँग योजनाको सम्झौता गर्दाको बखत योजनामा काम गर्ने कामदारहरुको नामनामेसी र बैठक हिसाव नं.उपलब्ध गराउनु पर्नेछ।

६.योजना सम्झौता गर्दा देहायका आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ।

- उपभोक्ता समिति गठनको निर्णय प्रतिलिपि,
- उपभोक्ता समिति गठन गर्दाको आम भेलाको फोटाहरुको प्रतिलिपि,
- प्राविधिक लागत इष्टमेट,
- वडा कार्यालयको सिफारिस,
- उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- योजना स्थलको निर्माण अगाबैको फोटो।

...................................
(नन्दकृष्ण पाध्याय)
प्रमुख प्रशासकीय अधिकृत

"मिलेर फालौ भ्रष्टाचारको जालोः सुशासन प्रवर्द्धनमा गरौ हाते मालो"

Email: info@khatyadmun.gov.np, ito.khatyadmun@gmail.com
Website: www.khatyadmun.gov.np